कार्यपालिकाको अठ्ठाइसौं बैठक / स्थान :–अध्यक्ष ज्युको कार्यकक्ष

मिति :– २०८० साल असार महिनाको ७ गते विहिवार

अध्यक्षता :– श्रीमान् वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थिति :–

१. श्री वेग प्रसाद गर्वुजा – अध्यक्ष
२. श्री लक्ष्मी देवि घर्ति मगर पुन – उपाध्यक्ष
३. श्री टंक प्रसाद पुन – वडा अध्यक्ष वडा नं. १
४. श्री उदय कुमार वुढाथोकि – वडा अध्यक्ष वडा नं. २
५. श्री मोति प्रसाद वुढा– वडा अध्यक्ष वडा नं. ३
६. श्री भजेन्द्रमान पुन – वडा अध्यक्ष वडा नं. ४
७. श्री नविन घर्ति पुन – का.वा.वडा अध्यक्ष वडा नं. ५
८. श्री पथ वहादुर रोका – वडा अध्यक्ष वडा नं. ६
९. श्री टक वहादुर पुन – वडा अध्यक्ष वडा नं. ७
१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य
११. श्री प्रतिक्षा विक – कार्यपालिका सदस्य
१२. श्री देवी पटेल – कार्यपालिका सदस्य
१३. श्री छरदेवी घर्ती – कार्यपालिका सदस्य
१४ श्री दल वहादुर खडकाथोकी – कार्यपालिका सदस्य
१५. श्री अनुप गौचन – कार्यपालिका सदस्य
१६. श्री चूर्ण वहादुर कार्की – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति :–

१. श्री सोम वहादुर केसी सूचना अधिकारी एवं. योजना शाखा
२. श्री सागर पौडेल् आर्थिक प्रशासन शाखा

वेग प्रसाद गर्वुजा
अध्यक्ष

Scanned with CamScanner

निर्णयहरु :-

**निर्णय नं. १**

आगामी आर्थिक वर्ष २०८०/०८१ मा श्रोत अनुमान तथा बजेट निर्धारण समितिले दिएको बजेट सिमा भित्र रही बिषयगत समितिमा छलफल गरि बिषयगत समितिको सिफरिसलाई समेटी योजना तथा कार्यक्रममा दोहोरोपनको पक्ष सकभर समावेस नगरि बजेट तथा कार्यक्रमको तर्जुमा सम्बन्धी स्थानीय तहको आवश्यकताका अन्य कार्यहरु गर्ने गरि मिति २०८०।०३।०४ गतेको बजेट तथा कार्यक्रम समितिको सिफारिस अनुसार बजेट तथा कार्यक्रमको प्रस्ताव निम्न अनुसार तयार गरि मालिका गाउँपालिकाको गाउँसभाको तेह्रौ अधिवशनमा पेश गर्ने निर्णय गरियो ।

**क) आय व्यय बिवरण**

रु हजारमा

| सिनं. | आर्थिक वर्ष | चालु खर्च | पूजिगत खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| १. | आ.व.२०७८/०७९ को यथार्थ | २१६९६७.२९१ | १६२८७३.४६० | ३७९८४०.७५२ |
| २. | आ.व.२०७९/०८० को संसोधित | ३०२२०९.०७७ | २४५४४८.६ | ५४७६५७.६७७ |
| ३. | आ.व.२०८०/०८१ को प्रस्तावित | २९४९०० | १६३२४४ | ४५८१४४ |

**ख) आ.व.२०८०/०८१ को प्रस्तावित आय बिबरण**

रु हजारमा

| सि.नं. | आय श्रोत | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|
| १. | संघिय सरकार समानिकरण अनुदान | ८५३०० | |
| २. | संघिय सरकार सशर्त अनुदान(चालु) | १५३३०० | |
| ३. | संघिय सरकार राजस्व बाँडफाँड | ८४७३१ | |
| ४. | संघिय सरकार सशर्त (पूजिगत) अनुदान | ११००० | |
| ५. | संघिय सरकार बिशेष अनुदान(पूजिगत) | १६००० | |
| ६. | संघिय सरकार समपुरक अनुदान | ११००० | |
| ७. | गण्डकी सरकार समानिकरण अनुदान | १०५५६ | |
| ८. | गण्डकी सरकार राजस्व बाँडफाँड | ५२१७ | |
| ९. | गण्डकी सरकार विशेष अनुदान | ५००० | |
| १०. | गण्डकी सरकार समपुरक अनुदान | ६००० | |
| ११. | गउँपालिकाको आन्तरिक आय(सेवा शुल्क, दस्तुर, रोयल्टी र अन्य) | १०००० | |

वेग प्रसाद गर्बुजा
अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १२. | अनुमानित संचित कोष अल्या हुने रकम | २०००० | |
| | जम्मा अनुमानित आय | ४५८१४४ | |

## ग) आ.व.२०८०/०८१ को प्रस्तावित क्षेत्रगत व्यय बिबरण

रु हजारमा

| सि.नं. | व्याय विवरण | प्रस्तावित रकम |
|---|---|---|
| १. | सशर्त (चालु) | १९३३०० |
| २. | सशर्त (पूजिंगत) | ११००० |
| ३. | चालु तर्फको खर्च | ८०७०० |
| ४. | बिद्यालय कर्मचारी, वालविकास सहजकर्ता थप तलव सुविधा | ९००० |
| ५. | सामुदायीक स्वस्थ्य ईकाईकर्मचारीको तलव भत्ता | ६००० |
| ६. | विषयगत शाखाका अर्न्तगतको कार्यक्रम | ५९९४ |
| ७. | ७ वटा वडा कार्यालयको प्रशासनिक खर्च | २४५० |
| ८. | विपतजन्य क्षतिबाट पुनर्निर्माण तथा राहत बितरण (पालिका स्तरीय) | २००० |
| ९. | छात्रवृद्धि वितरण -किसानी मावि) | १००० |
| १०. | प्राथामिक स्वास्थ्य केन्द्र संचालन खर्च | १३०० |
| ११. | लक्षित वर्गको कार्यक्रम(दलित, अपाङ्ग, जनजाती) | २००० |
| १२. | वडागत योजना तथा कार्यक्रम | ३५००० |
| १३. | प्राथामिक स्वस्थ्य केन्दैलाई ५ वेडको अस्पतालमा स्तरोन्नती | २४०० |
| १४. | प्रशासनिक भवन जग्गा व्यवस्थापन(वडा नं. १ को वडा कार्यालय समेत) | १८००० |
| १५. | लागत सहभागित/समपुरक कोष | २०००० |
| १६. | खानेपानी योजनाका लागि गैरसरकारी संस्था संग साझेदारी(नेवा) | ६०६२ |
| १७. | गौवम वस्त मावि पहार ट्रस्ट संगको साझेदारी (निरन्तरता) | २७०० |
| १८. | खारा विम मोटर बाटो स्तरोन्नती (निरन्तरता) | ८७८८ |
| १९. | दरवाङ निस्कोट मोटरबाटो स्तरोन्नती (निरन्तरता) | ११००० |
| २०. | झोलुङ्गे पुलको लागि साझेदारी | ६५० |
| २१. | निजी आवास पुनर्निर्माण साझेदारी | ८०० |
| २२. | संघीय सरकार बिशेष अनुदान (पूजिगत सशर्त) | १६००० |

वेद प्रसाद गर्बुजा
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| २३. | संघीय सरकार समपुरक अनुदान (पूजिगत सशर्त) | ११००० |
| २४. | गण्डकी प्रदेश सरकार बिशेष अनुदान (पूजिगत सशर्त) | ५००० |
| २५. | गण्डकी प्रदेश सरकार मपुरक अनुदान (पूजिगत सशर्त) | ६००० |
| | जम्मा अनुमानित व्यय | ४५८१४४ |

निर्णय नं. २

यस मालिका गाउँपालिकाको आ.व.२०७८/०७९ को महालेखा परिक्षकको कार्यालयबाट औल्याइएको रु १२७६८४६४७५९ (अक्षररुपी बाह्र करोड छयाहत्तर लाखचउरासी हजार छ सय सरचालिस रुपयाँ पैसा उन्साठी मात्रा) बेरुजुको नियमित गरि फछ्यौट गर्न गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) आ.व.२०७८/०७९ को **बेरुजु सम्बन्धमा ।**

| क्र.सं | दफा र संक्षिप्त व्यहोरा | विवरण |
|---|---|---|
| १ | दफा-७ जिम्मेवारी फरक परेको रु. ४०९,६४,२२१.00 | स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राखे र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको बित्तीय प्रतिवेदन मलेप फानं २७२ अनुसार गत वर्षको अन्त्यमा रु.१०,५९,१४,६९९। मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु. ६,४९,५०,४७८। जिम्मेवारी सारेको देखियो। यसरी वित्तीय प्रतिवेदन मलेप फानं २७२ मा उल्लेख भएको भन्दा रु. ४०९,६४,२२१। घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको भनी बेरुजु कायम भएकोमा सुत्र प्रणालीमा देखिएको जटिलताले गर्दा बैंक खाता र निकासा फिर्ता रकम एकिन हुने गरी गत आ.ब.मा नदेखिएको हुँदा सो रकमहरु एकिन हुने आधार र प्रमाण देखिएकोले उक्त बेरुजु नियमित गरी फछ्यौंट गर्न सभा समक्ष पेश गर्ने । |
| २ | दफा-९ बैक हिसाव मिलान नगरेको रु. ५७३७५७०५.५९ | स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायको खाताको रु. ५,७३,७५,७०५।५९ |

बेग प्रसाद गर्बुजा
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| | मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरवाङ्ग, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३ | फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्ने देखिएको भनी बेरुजु कायम भएकोमा फरक पर्न गएको बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गरीएको देखिएकोले उक्त बेरुजु नियमित गरी फछ्र्यौट गर्न सभा समक्ष पेश गर्ने । |
| ३ | दफा-२९ कार्य सम्पादन जमानत<br>रु. २९,८०,०००। | कार्य सम्पादन जमानत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २०६४ को नियम ११० मा वोलपत्रदाताले कार्य सम्पादन जमानत पेश गर्दा वोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको ढाँचामा ऐनको दफा २७ को उपदफा ३ वमोजिमको म्यादभित्र वाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था रहेकोमा निम्न निर्माण कार्यको निर्माण व्यवसायीहरुबाट संझौताका लागि कार्यसम्पादन जमानत पेश गर्दा सिद्धार्थ बैंक लि. को तोकेको ढाँचा भन्दा फरक ढाँचामा र स्पस्ट कार्य सम्पादन जमानत उल्लेख नभएको वैंक जमानत पेश भएकोले तोकिएको ढाँचामा रु. २९८०००० । कार्यसम्पादन जमानत पेश हुनुपर्ने भनी बेरुजु कायम भएकोमा सो बैंकले पेश गरेको सक्कल बैक जमानतका आधारमा उक्त बेरुजु नियमित गरी फछ्र्यौट गर्न सभा समक्ष पेश गर्ने ।<br>दरवाङ्ग वजारमा सडक ढलान-रु.२७,००,०००।-<br>स्टील पार्टस खरिद- रु.२,८०,०००।- |
| ४ | दफा-३० अनुमानित नापी<br>रु.१,९०,९१,३६९।- | अनुमानित नापी- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिकि नापजाँच गर्दा नापी किताव (मेजरमेन्ट बुक)मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा कारारकको शर्त अनुसार रनिङ्ग विल वा अन्य कुनै विल भूक्तानी गर्न सक्ने व्यवस्था छ। निम्न पालिकाहरुले निर्माण कार्यको रनिङ्ग विजक भूक्तानी गर्दा अनुमानित नापी (Estimate MB) को आधारमा मात्र १,९०,९१,३६९। भूक्तानी भएकोले निर्माण कार्यको वास्तविक नापीको आधारमा भुक्तानी भएको आधार नदेखिएकोले सो भुक्तानी नियम सम्मत नदेखिएको भनी बेरुजु कायम भएकोमा निर्माण कार्यको रनिङ्ग विजक भूक्तानी गर्दा अनुमानित नापी (Estimate MB) लेखिएको भएतापनि सो कागजपत्र तयारी पार्न प्राविधिकहरुबाट फिल्डमै भएको कामलाई नापजाँच गरी बनाइएको नापी किताव रहेको । तयारी गर्ने सन्दर्भमा भुलवश नापी किताब हुनु पर्नेमा |

वेग प्रसाद गर्वुजा
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | अनुमानित नापी किताब भएकोले सो त्रुटि सच्याइ पेश गरीएको देखिएकोले उक्त बेरुजु नियमित गरी फछ्र्यौट गर्न सभा समक्ष पेश गर्ने । |
| ५ | दफा-३१.१ बीमाङ्क- रु.४०००० | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु. २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यको जोखिम वापत प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम समेटीने गरी वीमा गराउनुपर्ने व्यवस्था छ। दरवाङ्ग वजार संरक्षण कार्य (ठे.नं.४/२०७७।७८) को लागि वीमा वापत हिमालयन विल्डर्स एण्ड सप्लायर्स रु. ४००००। भुक्तानी भैसकेको अवस्था समेत तद्नुसार निर्माण कार्यको वीमा नभएकोले सो भूक्तानी रकम असूल गर्नुपर्ने भनी बेरुजु कायम भएकोमा विमा संलग्न गरिएको तर लेखापरीक्षणको क्रममा छुटेको देखिएकोले उक्त बेरुजु नियमित गरी फछ्र्यौट गर्न सभा समक्ष पेश गर्ने । |
| ६ | दफा-३३ स्टिल पार्टस - रु.५५,७६,३५२।- | स्टील पार्ट्स - ठे.नं. १/२०७८।७९ पालिकाले निम्न स्थानमा झोलुङ्गे पुल निर्माण तथा जडान गर्न रु. ५६,४७,६३२।७८ लागत अनुमान स्वीकृत गरी रु. ५५,७६,३५२।२५ मा वोलपत्र माध्यमबाट घटी कवोल गर्ने जलप नेपाल प्रा.लि.सँग २०७९।०२।१९ मा संझौता गरी स्टील पार्टस प्राप्त गरी उपभोक्ता समितीहरुलाई हस्तान्तरण गरेको छ। ती पार्ट्स मध्ये पथेनी घाट खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिले सामान बुझेको माग फारममा छाप मात्र लगाएको मा सामान बुझ्ने जिम्मेवार व्यक्तिको दस्तखत गरेको छैन। साथै, ती स्टील पार्ट्स उपभोक्ता समितिले सामान बुझेता पनि TBSU ले पोल उपलब्ध नगराएकोले पुल जडान तथा निर्माण कार्य हुन सकेको छैन। उक्त सामान जडान भएको नापी किताव लगायत जडान सम्पन्न भएको प्रमाण पेश गर्नु पर्ने भनी बेरुजु कायम भएकोमा सो कार्यक्रममा विनियोजित बजेट लागतका आधारमा अत्यन्त न्युन भएको हुँदा सो बजेट रकमबाट उक्त समयसम्म विनियोजित बजेट बमोजिमको कार्यसम्पन्न भएको देखिएकोले उक्त बेरुजु नियमित गरी फछ्र्यौट गर्न सभा समक्ष पेश गर्ने । |

वेग प्रसाद गर्बुजा
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| ७ | दफा-३६, जग्गा खरिद-<br>रु.१४,८२,०००।- | जग्गा खरिद - भौ.नं. २६८/२०७९।०३।२४ बाट किसानी मा.वि. प्राविधिक शिक्षालयलाई ७२९.३० वर्ग मिटर जग्गा खरिद वापत मालिका गा.पा. ७ का साविकको जग्गा धनी कालि प्रसाद जुग्जालीलाई स्वीकृत वजेट रु. १५ लाख मध्ये १४ लाख ८२ हजार भुक्तानी गरेको छ। यसरी जग्गा खरिद गर्दा सार्वजनिक सूचना प्रकाशन नभएको, खरिद प्रकृया प्रतिस्पर्धात्मक नभएको, जग्गाको मूल्यांकन सम्वन्धी निर्णय आदी पेश नभएकोले जग्गा प्राप्ती ऐनको प्रकृया पुरा भएको सुनिश्चित हुन सकिएन । अत जग्गा प्राप्ती सम्वन्धी उक्त कागजात पेश हुनुपर्ने भनी बेरुजु कायम भएकोमा सो विद्यालयलाई आवश्क पर्ने जग्गा विद्यालय भवनसंगै भएको जग्गा आवश्यक देखिएको भनी विद्यालयबाट गरिएको सार्वजनिक सूचना, वि.व्य.स.को मुल्यांकन, जग्गा प्राप्ती सम्बन्धि निर्णय र विद्यालयको नाममा जग्गा दर्ता काएम भएको देखिएकोले उक्त बेरुजु नियमित गरी फछ्यौंट गर्न सभा समक्ष पेश गर्ने । |
| ८ | दफा-४८, कृषि फरक शिर्षक-<br>रु.१,७५,०००।- | २४८।२०७९।३।२२ वाट कार्यसन्चालन निर्देशिका २०७७ बमोजिम अनुगमन, मुल्याङ्कन र भ्रमण खर्च शिर्षकवाट मात्र भ्रमण खर्च भुक्तानी गर्ने व्यवस्था छ।टिमुर तथा किवि विरुवा खरिद शीर्षकबाट गणेश चोखालको नाममा रु.१७५००० भुक्तानी भएको देखिन्छ । खरिद प्रकृया विना नै खरिद गरिएको साथै कर्मचारीको दैनिक भ्रमण भत्ता समेत समावेश गरी विल मिलान गरेको नियम सम्मत नदेखिएको भनी बेरुजु कायम भएकोमा खरिद प्रकृया पुरा गरीएको तथा भ्रमण खर्चको औचित्य पुष्टी गरीने कागजात कृषि शाखा प्रमुखबाट पेश गरिएकोमा कार्यक्रम टिमुर तथा किवि बिरुवा खरिद भएता पनि सो विरुवा कृषकको घरदैलोमा नै पुर्याउने गरी वितरण गरिएको हुँदा सो कार्यक्रमबाट वितरण गरेको खर्च समेत देखिएकोले उक्त बेरुजु नियमित गरी फछ्यौंट गर्न सभा समक्ष पेश गर्ने । |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरवाङ, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३

वेग प्रसाद गर्वुजा
अध्यक्ष

Scanned with CamScanner